NEPALI

श्री Marshall D. Orson, समिति अध्यक्ष
सुश्री Vickie B. Turner, उपाध्यक्ष
श्री Stan O. Jester
डा. Michael A. Erwin
सुश्री Allyson Gevertz
श्री Diijon DaCosta
डा. Joyce Morley

सुश्री Ramona Tyson, अन्तरिम निरीक्षक

जून 19, 2020

आदरणीय अभिभावक, विद्यार्थी, कर्मचारी तथा समितिका सदस्यहरू,

33 वर्षको सेवापछि DeKalb County School District बाट बिदा हुँदै गर्दा प्राप्त गरेको सम्मान, कृपालु शब्द र भर्चुअल अङ्कमाल लागि म यति धेरै आभारी छु कि म यो कुरा शब्दमा व्यक्त गर्न सक्दिन। म अवकाश जीवनमा के गर्ने छु मलाई नै थाहा छैन तर म यो कुरा खोज्छ उत्साही छु!

जीवनको यो नयाँ अध्याय सुरु गर्नै लाग्दा, सार्वजनिक शिक्षामा मैले प्रदान गरेको सेवाले मलाई के कुरा सिकाएको छ भने हामी सबैले आफ्नो जिम्मेवारी निभाउने कुरा विद्यालय प्रणालिलाई विद्यार्थीको सफलताका लागि तयार गर्न एकदम महत्त्वपूर्ण छ।

हामी यो कुरामा सबैजना एक ठाउँमा छौं। आमाबाबु, शिक्षक र प्रधानाध्यापकहरू, हामी तपाईंहरूको सक्रिय समर्थन, सहभागिता तथा प्रोत्साहन बिना यो काम गर्न सक्दैनौं। कृपया बच्चालाई मात्र ध्यान दिएर आफ्नो जिम्मेवारीलाई सीमित नपार्नुहोस्। बच्चाको सफलता सुनिश्चित गर्न तपाईंले आफ्ना बच्चाका शिक्षक तथा प्रधानाध्यापकहरूलाई सक्रिय रूपमा सहयोग गर्नुपर्छ र उहाँहरूसँग सक्रिय रूपमा सहभागी हुनु पर्छ। विद्यालयमा पढाएको कुरा घरमा दोहोर्याउनु पर्छ र विद्यार्थी पक्का रूपमा सफल बन्नका लागि यो कुरा बुझ्नु पर्छ कि विद्यालयको घण्टी लाग्ने बित्तिकै शिक्षा अन्त्य हुँदैन।

विद्यार्थी सिकाइको तीव्र इच्छा बोकेर विद्यालय आउँछन् जुन कुरा तपाईं कहिल्यै दबाउन सक्नुहुन्न। सिकौं, सिकौं, सिकौं! संसार यति ठूलो छ कि सिक्ने कुरा बन्द गर्नै सकिँदैन। उच्च विद्यालय र कलेजबाट ग्राजुएट गरेका हामीले वर्षौंसँग काम गरेका छौं र हामीले अझै पनि सिकाइ प्रक्रियालाई रोकेका छैनौं। सिकाइ भनेको विकास, वृद्धि र अवसर हो। सिकाइको आफ्नो भित्रि इच्छालाई कहिल्यै नदबाउनुहोस्।

यो वर्ष कठिन थियो र यो वर्ष ग्राजुएट गरेका सिनियरहरूलाई, अप्रत्याशित कठिनाइले लचक हुन सिकाएको छ। तपाईंले बिना सूचना परिवर्तन हुन र नयाँ कुरामा बानी पर्न सिक्नु भएको छ। लचकता तथा सकारात्मक सोच महत्त्वपूर्ण व्यवहार हुन् जसले तपाईंलाई जीवनमा धेरै टाढासम्म पुर्याउनेछ।

कर्मचारीहरूको कुरा गर्नु पर्दा, तपाईंहरू योद्धा हुनुहुन्छ जसको धेरै जसो गुणगान गाइँदैन। कोभिड-19 को महामारीका दौडान समुदायमा भाइरस फैलन नदिन स्वास्थ्यकर्मीहरूले निभाउनु भएको भूमिकाका लागि विश्वभरिका स्वास्थ्यकर्मीहरूको प्रशंसा गरिँदैछ। तरपनि मेरो लागि नायक भनेको तपाईंहरू हुनुहुन्छ जो नयाँ पुस्तालाई शिक्षा दिन र सही बाटोमा डोर्याउन दिन दिनै र वर्षै पिच्छे अथक रूपमा परिश्रम गर्नु हुन्छ। मैले जीवनमा सफलता प्राप्त गरेको छु भने त्यसमा तपाईंले विद्यार्थी प्रति देखाउनु भएको समर्पण र तपाईंको शिक्षण र सिकाउने कलाको योगदान छ।

म समितिका सदस्यहरूलाई हाम्रा स्कूले बच्चाहरूको सफलताका लागि तपाईंहरुको जनसेवा, समर्पण, निर्देशन, र ध्यानका लागि धन्यवाद दिन चाहन्छु।

33 सुनौला वर्षहरूका लागि सबैलाई धन्यवाद।